नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
भद्रपुर, झापा

☎: ०२३-४५६१८८
Email: pmamp.piu.jhapa@gmail.com

पत्र सं. २०७८/०७९
च.नं.

मिति:२०७८/०५/२०

## प्रस्ताव आह्वान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति-२०७८/०५/२१**

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, झापाको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन गर्नका लागि जोन/सुपरजोन (धान सुपरजोन, मकै/रबर/सुपारी जोन) क्षेत्र अन्तर्गतका सूचिकृत भएका ईच्छुक सरोकारवाला कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/जल उपभोक्ता संस्था तथा फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (मिति-२०७८/०६/१९ गते) भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

थप जानकारीका लागि परियोजना कार्यान्वयन एकाई, झापाको फोन नं. ०२३-४५६१८८ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

कार्यक्रम विवरण:

| क्र. सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु, आवश्यक कागजात तथा ध्यान दिनु पर्ने कुराहरु । |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान । | १ पटक | ७५% वा बढीमा १० लाख | • आधारभुत तथा मध्यम तहका कृषि तथा पशु सेवा प्राविधिक जनशक्ति (JT, JTA, I.sc.Ag., Diploma आदि) उत्पादन गर्ने मान्यता प्राप्त शिक्षालयहरु एवं कृषि तथा पशुपन्छी बिषय अध्यापन गराउने माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरु।<br>• कार्यक्रम संचालन गर्न सकिने व्यवसायिक क्षेत्रहरु:- तरकारी खेती, माछा पालन, कुखुरा पालन, बाख्रा पालन, च्याउ खेती, हाँस पालन, मौरी पालन, अन्न बाली, नर्सरी, कृषि, पशुपन्छी तथा मत्स्यका आधारभुत प्रयोगशाला सेवा, स्थान विशेषका अन्य बाली/वस्तु।<br>• कम्तिमा २५% लगानी गर्ने शिक्षालयको प्रतिवद्धता।<br>• व्यवसायिक कृषि उत्पादनको लागि जग्गाको न्यूनतम क्षेत्रफल उपलब्ध भएको।<br>• जग्गा आफ्नै स्वमित्व भएको वा कम्तिमा ५ वर्षको करार सम्झौता भएको ।<br>• विधार्थीको प्रतिवद्धता र सहभागी हुने विधार्थी संख्या।<br>(नोट: थप जानकारी र फर्मेटहरु परियोजनाको Website piujhapa.gov.np मा गई प्रकाशन (publication) बाट download गर्न सकिनेछ । |
| | **धान सुपरजोन** | | | |
| १. | कष्टम हायरिङ्ग सेन्टर स्थापना | २ पटक | ५०% देखि ८५ % वा बढीमा २० लाख प्रति कष्टम हायरिङ्ग सेन्टर। | धान खेतीका लगि आवश्यक उत्पादन देखि हार्भेष्टिङ्ग (कटानी) सम्म कृषि मेसिनरी औजार उपकरण खरिद तथा संचालन गरि यान्त्रीकरणलाई टेवापुग्ने सम्बन्धि प्रस्ताव । |
| २. | राईस ट्रान्सपलान्टर खरिदमा अनुदान (चार चक्के) | २ वटा | ५०% वा बढीमा १२.५ लाख प्रति ट्रान्सपलाण्टर । | कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था,कृषक उद्यमी, कृषि फर्म । |
| ३. | सिंचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार | ५० वटा | ८५% वा बढीमा ५० हजार प्रति सिंचाई पूर्वाधार निर्माण | कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था,कृषक उद्यमी, कृषि फर्म । |
| ४. | प्राथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना (dryer आदि ) | १ वटा | ५०% देखि ८५% वा बढीमा ४० लाख । | कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था,कृषक उद्यमी, कृषि फर्म । |
| ५. | उन्नत प्रविधि सहित क्षेत्र विस्तार (चैते धान क्षेत्र विस्तार) चैते/वोरो | १०० हेक्टर | ५०% (माग संकलन) | • चैते धान खेती गर्न इच्छुक कृषक समूह, कृषि सहकारी, कृषक उद्यमी, जल उपभोक्ता समिति, कृषि फर्म तथा कम्पनीहरुले पेश गर्नु पर्ने।<br>• समूह/सहकारीको कम्तिमा १५ हेक्टर क्षेत्रफल जग्गा हुनु पर्ने। |



वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)

| | | | | |
|---|---|---|---|---|
| | | | | • निजी फर्मको कम्तिमा १० हेक्टर क्षेत्रफल जग्गा हुनु पर्ने।<br>• जग्गा धनिपुर्जाको प्रतिलिपी।<br>• जग्गा आफ्नै स्वमित्व नभएमा करार सम्झौता भएको । |
| ६. | चक्लावन्दीमा आवद्ध भई खेती गर्ने कृषकलाई अनुदान (**चैते धान बाली**) | ५ वटा | ५०% देखि ८५% वा वढीमा १० लाख प्रति चक्लाबन्दी | • चक्लाबन्दीमा चैते धान खेती गर्न इच्छुक कृषक समूह, कृषि सहकारी, कृषक उद्यमी, जल उपभोक्ता समिति, कृषि फर्म तथा कम्पनीहरुले पेश गर्नु पर्ने<br>• समूह/सहकारी/ज.उ.सं. को हकमा कम्तिमा १५ हेक्टर क्षेत्रफल जग्गा हुनु पर्ने।<br>• निजी फर्मको कम्तिमा १० हेक्टर क्षेत्रफल जग्गा हुनु पर्ने।<br>• उपलब्ध हुने सुविधाहरुः- कृषि पूर्वाधार निर्माण, बीउ, प्राङ्गारिक मल/शुक्ष्म तत्व, विषादी, कृषि औजार उपकरण आदीमा अनुदान उपलब्ध गराउने; प्रविधि र प्राविधिक सेवा टेवा उपलब्ध गराउने, बजारिकरणमा सहयोग गर्ने ।<br>• जग्गा धनी पुर्जाको प्रतिलपी।<br>• जग्गा आफ्नै स्वमित्व भएको वा कम्तिमा १० वर्षको करार सम्झौता भएको । |
| | **मकै जोन** | | | |
| १. | सिंचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार | २५ वटा | ८५% वा बढीमा ५० हजार प्रति सिंचाई पूर्वाधार निर्माण | • कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था,कृषक उद्यमी, कृषि फर्म । |
| २. | हिँउदे मकै क्षेत्र विस्तार कार्यक्रम | ५० हेक्टर | ५०% (माग संकलन) | • हिँउदे/वसन्ते मकै खेती गर्न इच्छुक कृषक समूह, कृषि सहकारी, कृषक उद्यमी, जल उपभोक्ता समिति, कृषि फर्म तथा कम्पनीहरुले पेश गर्नु पर्ने।<br>• समूह/सहकारीको कम्तिमा १५ हेक्टर क्षेत्रफल जग्गा हुनु पर्ने।<br>• निजी फर्मको कम्तिमा १० हेक्टर क्षेत्रफल जग्गा हुनु पर्ने।<br>• जग्गा धनिपुर्जाको प्रतिलिपी।<br>• जग्गा आफ्नै स्वमित्व नभएमा करार सम्झौता भएको । |
| ३. | स्वदेशी हाईब्रिड मकै प्रदर्शन (१ हेक्टर) | १५ वटा | माग संकलन | • कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था,कृषक उद्यमी, कृषि फर्म । |
| ४. | मकैको विजबृद्धि कार्यक्रम संचालन | २५ हेक्टर | ५०% देखि ८५% | • बिजवृद्धि गर्न ईच्छुक कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था,कृषक उद्यमी; कृषि फर्महरु। |
| ५. | चक्लावन्दीमा आवद्ध भई खेती गर्ने कृषकलाई अनुदान (**हिउदे मकै वाली**) | ४ वटा | ५०% देखि ८५ % वा वढीमा १० लाख प्रति चक्लाबन्दी | • चक्लाबन्दीमा हिउंदे/वसन्ते मकै खेती गर्न इच्छुक कृषक समूह, कृषि सहकारी, कृषक उद्यमी, जल उपभोक्ता समिति, कृषि फर्म तथा कम्पनीहरुले पेश गर्नु पर्ने ।<br>• समूह/सहकारी/ज.उ.सं. को हकमा कम्तिमा १५ हेक्टर क्षेत्रफल जग्गा हुनु पर्ने।<br>• निजी फर्मको कम्तिमा १० हेक्टर क्षेत्रफल जग्गा हुनु पर्ने।<br>• उपलब्ध हुने सुविधाहरुः- कृषि पूर्वाधार निर्माण, बीउ, मल, विषादी, शुक्ष्म तत्व, कृषि औजार उपकरण आदीमा अनुदान उपलब्ध गराउने; प्रविधि र प्राविधिक सेवा टेवा उपलब्ध गराउने, बजारिकरणमा सहयोग गर्ने।<br>• जग्गा धनी पुर्जाको प्रतिलपी।<br>• जग्गा आफ्नै स्वमित्व भएको वा कम्तिमा १० वर्षको करार सम्झौता भएको । |
| | **रबर जोन** | | | |
| १. | रबर प्रशोधन उद्योग स्थापना/संचालन सहयोग (रबर गम, रबर बेण्ड, बेलुन, रबर ग्लोब वनाउने) | १वटा | ५०% देखि ८५ % वा वढीमा ४० लाख | रबर जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था,कृषक उद्यमी, कृषि फर्म । |
| २. | डस्टिङ्ग मेसिन (Mist Blower रबरमा विषादी छर्ने मेसिन | ४ वटा | ५०% वा वढीमा १.२५ लाख प्रति डस्टिङ्ग मेसिन | रबर जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था,कृषक उद्यमी, कृषि फर्म । |
| ३. | रबर चोप संकलन गर्ने सामग्री वितरण ((कप/टुटी/ट्रे/हेडलाईट/ रेनगार्ड आदि) | १ पटक | ५०% वा वढीमा २० लाख | रबर जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था,कृषक उद्यमी, कृषि फर्म । |
| | **सुपारी जोन** | | | |
| १ | सुपारी प्रशोधन उद्योग स्थापना (सुपारी बोक्रा उप्काउने/फाला तथा टुक्रा बनाउने/ग्रेडिङ्ग गर्ने/प्याकेजिदङ्ग गर्ने आदि) | २ वटा | ५०% देखि ८५ % वा वढीमा २० लाख प्रति उद्योग | सुपारी जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था,कृषक उद्यमी, कृषि फर्म । |



वरिष्ठ कृषि अधिकृत
(रा.प.तृतीय) २०७८/०७/२०

| | | | | |
|---|---|---|---|---|
| ९. | सुपारीको पातको दुना टपरी बनाउने उद्योग स्थापना | १ वटा | ५०% देखि ८५ % वा बढीमा २० लाख प्रति उद्योग । | सुपारी जोन कमाण्ड क्षेत्रका कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता संस्था,कृषक उद्यमी, कृषि फर्म । |

<u>नोट:</u> प्रस्तावना पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु-

१. अनुसूची - १० अनुसारको निवेदन फारम ।
२. कार्यक्रम प्रस्तावना विवरण लागत ईष्टिमेट सहित ।
३. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
४. समूह/संस्थाको निर्णय प्रतिलिपी ।
५. स्थाई लेखा नम्बर (PAN) दर्ताको प्रतिलिपी ।
६. आ.ब. २०७७/०७८ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
६. रु.१०/- टिकट
७. निर्माण कार्य गरिने जग्गा धनिपुर्जाको प्रतिलिपी ।
८. सम्बन्धित गाउँपालिका/सिफारिस नगरपालिकाको
९. कार्यक्रम प्रस्तावको ढाँचा कार्यालयको Web Site: www.piujhapa.pmamp.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

<u>सम्पर्क व्यक्ति:-</u>

प्रा.स. श्री मोहन कुमार सिंह ९८४७११३४९३

२०७८/०४/२

( रविन्द्र सुवेदी )
वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)